# आठौं अध्याय

## ८. उपसंहार र निष्कर्ष

**विजय मल्लका नाट्यकृतिहरुको प्रवृत्तिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोध प्रबन्धमा विजय मल्लका प्रकाशित एवम् उपलब्ध नौवटा नाट्य कृतिहरुको सैद्धान्तिक स्वरुप र नाट्य-तात्त्विक विवेचनाका साथ तिनीहरुको सर्वेक्षण र प्रवृत्तिपरक विश्लेषणात्मक अध्ययन गरिएको छ। यस अध्यायमा पूर्ववर्ती सात अध्यायमा गरिएका चर्चा विवेचना र विश्लेषणात्मक कार्यको सारांश प्रस्तुत गरेर शोध कार्यको मुख्य प्राप्ति र स्थापनालाई निष्कर्षका रुपमा दर्शाउने काम गरिएको छ।

## ८.१. उपसंहार : पूर्ववर्ती अध्यायहरुकोसारांश

प्रस्तुत शोध प्रबन्धको पहिलो अध्याय शोध प्रबन्धको शीर्षक र यसको परिचयमा प्रकाश पारेर शोध समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, यसको क्षेत्र र सीमा, शोध-विधि र पद्धति, भावी शोध सम्भावना र परामर्श, शोध प्रबन्धको सङ्गठन र निष्कर्षका परिच्छेदहरु विभाजन गरी सैद्धान्तिक कुराहरुको परिचयात्मक व्याख्या गरिएको छ।

यस शोध प्रबन्धको दोस्रो अध्यायमा 'नाटकको सैद्धान्तिक परिचय' उपशीर्षक रहेको छ। नाटकको सैद्धान्तिक चिनारीको सिलसिलामा पूर्वीय (संस्कृत) नाटक, पाश्चात्य ट्रेजेडी वा ड्रामा तथा नेपालीमा नाटक नै भनिँदै आएको चर्चा, प्रयोग र परम्पराको उल्लेख गरिएको छ। रुपक, नाटक, ड्रामा वा ट्रेजेडी जे नै भने पनि सर्वमान्य रुप ड्रामा र नाटक नै हो भन्ने तर्क निश्चित गरिएको छ। पूर्वीय वा संस्कृत तथा पाश्चात्य साथै हिन्दी र नेपाली विद्वान्हरुद्वारा परिभाषित नाटकको चर्चा विवेचना गरेर नाटकको समन्वित परिभाषा स्थापित गरिएको छ। परिभाषित रुपमा नाटक जीवन जगत्को गम्भीर एवम् आंशिक, सजीव एवम् सक्रिय गतिविधिहरु वा घटना चक्रहरुको अनुकरणात्मक, अभिनेयात्मक, संवादात्मक साथै कलात्मक प्रस्तुति हो भन्ने धारणा निश्चित गरिएको छ। साधारणतः

नाटक अनुकरणात्मक र अभिनयात्मक कला हो भनेर चिनाउने काम भएको छ। यस सन्दर्भमा, संस्कृतका आचार्य धनञ्जयले 'अवस्थाहरूको अनुकरण'लाई नाटक मानिएको र पाश्चात्य जगत्मा विद्वान् एवम् चिन्तक एरिस्टोटलले 'कार्यहरूको अनुकरण' नै नाटक हो भनेका कुरालाई विवेचना गरेर नाटकको प्रेरणा 'अनुकरण' नै हो भन्ने कुरा अर्थ्याइएको छ। यसपछि नाटक रचनाका तात्त्विक घटकहरूको सविस्तार चर्चा गरेर पूर्वीयमा वस्तु, नेता र रसलाई प्रमुख तत्त्व र वृत्ति तथा अभिनयलाई अतिरिक्त वा गौण भनिएको कुरा उल्लेख गरिएको छ। त्यस्तै पाश्चात्य विद्वान्हरूले निश्चित गरेका वस्तु, पात्र, परिवेश, द्वन्द्व, संवाद, अभिनय, उद्देश्य आदि तत्त्वहरूको पनि सूक्ष्म विश्लेषण गरिएको छ अनि यसरी पूर्वीय र पाश्चात्य दुवैबाट गरिएका तात्त्विक चर्चालाई सामान्यीकरण गरी आधुनिक नाटक निर्माणमा उपयुक्त हुन आउने नाट्य तत्त्वहरूको उल्लेख गरिएको छ। औचित्य तथा युक्ति-युक्तताका दृष्टिले गरिएका यस्ता नाट्य तत्त्वहरूलाई समेटेर हेर्दा- वस्तु वा कथावस्तु, पात्र तथा चरित्र-चित्रण, संवाद योजना, परिवेश विधान, भाषा-शैली, द्वन्द्व-विधान, अङ्क र दृश्य योजना, अभिनय एवम् रङ्गमञ्च पक्ष र उद्देश्य गरी जम्मा नौवटा तत्त्वहरू नाटकका मूल तत्त्वहरू देखिन आएका कुराहरूको उल्लेख गरिएको छ। यसबाहेक आधुनिक नाटकको सैद्धान्तिक विश्लेषण गर्ने आधारहरू नै यी तत्त्वहरू हुन् भन्ने मान्यता यस अध्यायमा सुनिश्चित गरिएको छ। परवर्ती अध्यायमा नाटककार विजय मल्लका नाट्यकृतिहरूलाई तात्त्विक विवेचना गर्नलाई नाटकका ती तत्त्वहरूको प्रयोजन, उपयोगिता र युक्तियुक्ततामाथि निश्चित दृष्टिकोण प्राप्त गर्नु प्रस्तुत अध्यायको उद्देश्य र महत्व छ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्याय 'विजय मल्लको जीवनी, व्यक्तित्व र कृतित्व' रहेको छ र यस अध्यायमा विजय मल्लको सङ्क्षिप्त जीवनी र व्यक्तित्व तथा कृतित्वबारे दुई भाग गरी विशद दृष्टिपात गरिएको छ। विजय मल्लको सङ्क्षिप्त जीवनी र व्यक्तित्वअन्तर्गत विजयको जन्म, शिक्षा, रुचि आदिको चर्चासँगै साहित्य, राजनीति, कला, प्रशासन आदि क्षेत्रमा उनको संलग्नता र योगदानको चर्चा गर्ने काम भएको छ। त्यसरी नै कृतित्व पक्षमा विजय मल्लले साहित्य क्षेत्रमा प्रवेश गरेका र प्रेरणा पाएका प्रासङ्गिक कुरा उठाउँदै साहित्यका विविध विधामा तिनी कसरी चिनिन्छन् भन्ने बारे पृथक् पृथक् रुपमा उल्लेख गरिएको छ। यस सन्दर्भमा विजयको साहित्यिक व्यक्तित्व कविका रूपमा, कथाकारका

रुपमा, उपन्यासकारका रुपमा, नाटककारका रुपमा, समालोचकको रुपमा, निबन्धकारको रुपमा, पत्रकार वा सम्पादकको रुपमा तथा चलचित्र कथा लेखकका रुपमा रहेको कुरालाई विशद् रुपमा प्रकाश पार्ने प्रयत्न यस अध्यायमा भएको छ। आधुनिक नेपाली कविता, कथा, उपन्यास र नाटकका क्षेत्रमा विजय मल्ल एकजना प्रतिनिधि स्रष्टा रहेका तथ्यहरु प्रस्तुत गरिएको छ। आफ्नो चिन्तन, प्रतिभा तथा लेखन कलाका दृष्टिले समकालीन नेपाली स्रष्टाहरुका हाँचमा विजय मल्ल आफ्नै मौलिक धारणा र दृष्टि शक्तिका कारण बेजोड़ छन् भन्ने तथ्यको उद्घाटन पनि यस सन्दर्भमा गरिएको छ। आधुनिक नेपाली साहित्यमा युगसापेक्ष दृष्टि पुऱ्याउने, प्रचलित पाश्चात्य मान्यताहरुलाई प्रयोगमा ल्याउने र त्यसलाई आफ्नै नवीन परिकल्पनाले प्रस्तुत गर्न चाहने विजयको क्रियाकलापले उनी युग प्रतिनिधि साहित्य स्रष्टा देखिन्छन् भन्ने तथ्यको पुष्टिसँगै विजयको बहुआयामिक साहित्यिक व्यक्तित्वको एउटा महत्वपूर्ण पक्ष चाहिँ उनको नाटककारको व्यक्तित्व नै हो भन्ने सत्यतालाई निक्यौल गरिएको छ। त्यसरी नै आफ्नो व्यक्तित्व र कृतत्वभित्र विजय मल्ल आधुनिक नेपाली साहित्यका एक अनन्य उपासक हुन् र तिनको कृत कार्य तथा साहित्यिक उपलब्धिले यस क्षेत्रलाई महिमामण्डित तुल्याउन सकेको छ भन्ने प्रस्तुत अध्यायको निचोड़ रहेको छ।

'नेपाली नाटकको विकास परम्परा र नाटककार विजय मल्लको नाट्य यात्रा' नामक यस शोध प्रबन्धको चौथो अध्यायमा नेपाली नाटक परम्पराको चर्चा गरेर विजय मल्लको नाट्य यात्राका विभिन्न चरणहरु विभाजन गरी तिनको नाट्योपलब्धि र प्रवृत्तिको अवलोकन गरिएको छ। 'नेपाली नाटकको विकास-परम्परा' अन्तर्गत नेपाली नाटकको पृष्ठभूमि, विकासक्रम, काल विभाजन र चरणगत प्रवृत्ति र उपलब्धि आदिको चर्चा विवेचनाका क्रममा वि. सं. १८५५ को पूर्व अवधिलाई नेपाली नाटकको पृष्ठभूमिकालको रुपमा चिनाउने काम गरिएको छ। यस अवधिमा लिखित नाटकहरु प्रकाशमा नआएको तर लोकजीवनमा विभिन्न झाँकीहरुका रुपमा प्रस्तुत गरिएका जात्रा, पर्व, उत्सव, नाँच आदिको प्रदर्शनी नै नेपाली नाटक लेखिने र अभिनय गरिने प्रेरक तत्त्वहरु हुन् भन्ने उल्लेख गरिएको छ। वि. सं. १८५५ देखि हालसम्मको अवधिलाई प्रकाशित एवम् उपलब्ध नाटकहरुको आधारमा तीन कालखण्डमा वर्गीकरण गरिएको छ र प्राथमिककालीन नेपाली नाटक वि. सं. १८५५ देखि वि. सं. १९४३ सम्म, माध्यमिककालीन नेपाली नाटक

वि. सं. १९४४ देखि वि. सं. १९८५ सम्म र आधुनिककालीन नेपाली नाटक वि. सं. १९८६ देखि हालसम्म भनी दर्शाइएको छ। सारांशमा भन्नुपर्दा प्राथमिककालीन नेपाली नाटकको युग अनुवादको युग रहेको र यस युगमा सङ्ख्यात्मक उपलब्धि पनि थोरै र मञ्चन पक्षको चर्चा पनि थोरै रहेको कुरा दर्शाइएको छ। माध्यमिककालीन नेपाली नाटक अनुवाद, रुपान्तरण र अनुकूलन हुँदै मौलिकतातर्फ आग्रही र आकर्षित रहेको साथै मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, पहलमानसिंह स्वाँर, लेखनाथ पौड्याल, पारसमणि प्रधान, भैंयासिंह गजमेर तथा रामप्रसाद सत्यालसम्म आइपुग्दा नेपाली नाट्य जगत्मा अनेकौं नाटककारहरु प्रवेश भइसकेका; तिनका कैयौं नाटकहरु मञ्चित भइसकेका तथा यसप्रकार रचित एवम् मञ्चित नाटकहरु प्रकाशमा आउन थालेका र नेपाली नाटक गतिशील अवस्थामा अग्रसर भइरहेका कुराहरुको चर्चा विवेचना रहेको छ। यसै कालमा आएर नेपाली नाट्य विधाको स्वस्थ घड़ेरी निर्माण भएको र नेपाली नाटक लेखिने र मञ्चित गरिने कार्यले क्रमश: गति लिएको कुराहरुको चर्चा गरिएको छ। संस्कृतका अतिरिक्त हिन्दी, उर्दू, फारसी, बङ्गाली तथा अङ्ग्रेजी नाटकहरुको प्रभाव र प्रेरणाले नेपाली नाटक विकासको नयाँ क्षितिजतर्फ लम्कँदै गरेका कुराहरु तथ्यहरुसहित दर्शाउने काम गरिएको छ। शृङ्गारात्मक, मनोरञ्जनात्मक तथा आदर्शवादी प्रवृत्ति यस कालका नाटकहरुका मूल प्रवृत्ति रहेका पाइन्छन् भन्ने कुरा दर्शाइएको छ। सङ्ख्यात्मक एवम् गुणात्मक दृष्टिले यस अवधिका नाटकहरुको प्राप्ति सन्तोषजनक नै मान्नसकिने कुराको उल्लेख पनि गरिएको छ।

आधुनिककालीन नेपाली नाटकको प्रारम्भ वि. सं. १९८६ मा प्रकाशित बालकृष्ण समको **मुटुको व्यथा** नाटकबाट हुन्छ। समको समकालीन भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, लेखनाथ पौड्याल आदिद्वारा स्वच्छन्दतावादी सामाजिक नाटकहरु लेखिने परम्परा बस्छ। पौराणिक, ऐतिहासिक स्रोत भए पनि तिनीहरुका नाटकहरुले सामाजिकतालाई नै प्रमुखता दिइएको भेटिन्छ। अर्थात् यस अवधिका पहिलो मोड़मा सामाजिक आदर्शोन्मुख यथार्थवादी धारा सँगै रिमालको आगमनमा सामाजिक यथार्थवादी धारा विकसित हुन्छ। वि. सं. २०१३ बाट शुरु भएको दोस्रो मोड़मा गोविन्द 'गोठाले', विजय मल्ल, बासु शशी, मनबहादुर मुखिया, सरुभक्त, बासु शशी, गोपाल पराजुली, लक्ष्मण श्रीमल, पी. अर्जुन, विवश पोखरेल, ध्रुवचन्द्र गौतम, इन्द्रबहादुर राई, इन्द्रमणि दर्नाल प्रभृत्ति नाटककारहरुबाट

मनोविश्लेषणात्मकसँगै प्रयोगवादी धारा विकसित भएको तथ्यहरूको विवरण नेपाली नाटकको आधुनिककालभित्रै उल्लिखित रहेको छ। यो काल विकासको काल रहेको दर्शाइएको छ। यसै कालको दोस्रो चरणदेखि आधुनिक नेपाली नाटकले प्रचलित पाश्चात्य प्रवृत्तिहरूलाई आत्मसात गरेको र नवीन नवीन प्रयोग एवम् पद्धतिहरूलाई व्यवहारमा ल्याएको प्रासाङ्गिक चर्चा पनि रहेको छ।

प्रस्तुत अध्यायको दोस्रो भाग अन्तर्गत नाटककार विजय मल्लको नाट्य यात्राको चरण तीन वर्गमा विभाजन गरी क्रमैले आरम्भकाल विकासकाल र उत्कर्षकाल चिन्हित गरी वि. सं. २००१ देखि वि. सं. २०५६ सम्मको विजय मल्लको नाट्य साधनाको विभिन्न मोड़, प्रवृत्ति र प्राप्तिहरूको उल्लेख गरिएको छ। यस सन्दर्भमा प्रकाशित, उपलब्ध र मञ्चित हुने अवसर पाएका नौवटा पूर्णाङ्की नाटकहरु क्रमैले (१) **बहुला काजीको सपना**, (२) **कोही किन बर्बाद होस्**, (३) **जिउँदो लास**, (४) **भोलि के हुन्छ?**, (५) **स्मृतिको पर्खालभित्र**, (६) **मानिस र मखुण्डो**, (७) **भूलैभूलको यथार्थ**, (८) **पहाड़ चिच्याइरहेछ** र (९) **माधुरी**-को विशेष उल्लेख र चर्चा गरिएको छ। यस सन्दर्भमा कैयन् अप्रकाशित तर मञ्चित रहेका नाटकहरूको नामहरु चिन्हित गरिएको छ। समष्टिमा विजय मल्ल एक प्रतिभासम्पन्न नाट्य स्रष्टा हुन्, तिनको नाट्यकारिताले आधुनिक नेपाली नाटकको क्षेत्रलाई अपेक्षित उचाइ र व्यापकता समेत प्रदान गर्नसकेको पक्षलाई यो दोस्रो अध्यायमा परिवेष्ठित गरिएको छ।

पाँचौं अध्यायमा आधुनिक नाटक-निर्माणका आधारभूत तत्त्वहरूका आधारमा नाटककार मल्लका नौवटा नाटकहरूको तात्त्विक विवेचना गरिएको छ साथै ती नौवटा नाटकहरूलाई लेखनकालका आधारमा राखेर तिनका विविध पक्षलाई केलाइएको छ। मूलत: आधुनिक नाटकका स्वीकृत तत्त्वहरु (१) वस्तु / कथावस्तु, (२) पात्र तथा चरित्र-चित्रण, (३) संवाद योजना, (४) परिवेश विधान, (५) भाषा-शैली, (६) द्वन्द्व योजना, (७) अङ्क र दृश्य योजना, (८) अभिनय तथा रङ्गमञ्च तथा (९) उद्देश्य-लाई लिई प्रत्येक नाटकको छुट्टाछुट्टै रूपमा अलग अलग उप शीर्षक दिएर सूक्ष्म एवम् स्थूल दुवै प्रकारले तात्त्विक विवेचन तथा अनुशीलन गर्ने प्रयास यस अध्यायमा गरिएको छ। यसप्रकारको विवेचन एक प्रकारले कृतिपरक अध्ययन नै बन्नसकेको छ। ती नाटकहरूका रचनामा नाटककारले के कति न्याय

गर्न सकेका छन्, के-के नवीनता र प्रयोग गर्नसकेका छन्, स्वाभाविकता-अस्वाभाविकता, शिल्प रचनामा के-कस्ता दुर्बलता र सफलताहरू भेटिन्छन् आदिबारे सूक्ष्म अवलोकन गर्ने काम यथासम्भव गरिएको छ। प्रत्येक नाटकलाई यसरी विवेचन र विश्लेषण गरिएपछि प्रत्येककै निष्कर्ष रूप खुट्याइएको छ। निष्कर्षमा, विवेचित नाटक दु:खान्त-सुखान्त कुन प्रकारको, कुन प्रवृत्ति र धाराको हो, त्यसको लक्षित उद्देश्य के हो? भन्ने कुराको पुष्टि यथारूपमा गरिएको छ। यसबाहेक प्रत्येक नाटककै नाट्यकारितामा नाटककारको नाट्य दृष्टि प्रभावकारिता र प्राप्तिको समीक्षा गर्दै नेपाली नाट्य साहित्यमा विश्लेषित नाटक र नाटककार समेतको स्थानको मूल्य निर्धारण गर्ने कार्य यस अध्यायमा सम्पन्न भएको छ। विजय मल्लको समग्र नाटकहरूलाई नाट्य तात्त्विक विवेचन गर्नु यस अध्यायको मूल ध्येय रहेको छ।

छैटौं अध्यायको शीर्षक 'विजय मल्लको नाट्य प्रवृत्तिहरूको विश्लेषण' रहेको छ। मल्लका आलोच्य नाटकहरूले प्रतिफलित एवम् परिलक्षित गरेका विविध प्रवृत्तिहरूको विश्लेषणात्मक अवलोकन यस अध्यायमा सविस्तार गरिएको छ। विश्लेषणका पक्षलाई दुई शाखा शीर्षकहरूमा क्रमैले (१) वस्तुगत प्रवृत्ति र (२) शिल्पगत प्रवृत्तिमा राख्ने काम भएको छ। वस्तुगत प्रवृत्ति अन्तर्गत प्राप्त विविध प्रवृत्तिहरु जस्तै - मनोवैज्ञानिकता, मनोविश्लेषणात्मकता, सामाजक यथार्थता, समस्यामूलकता, प्रयोगवादिता, अतियथार्थवादिता, वैचारिकता, अस्तित्ववादिता, मानवीयता, दु:खान्त स्वरूप, प्रगतिशीलता, विसङ्गतिवादिता, नारी-समस्या चित्रण, सामन्तीवादी धारणा, आञ्चलिकतालाई आलोच्य नौवटै नाटकहरूको समष्टिगत प्रभावमा राखेर अनुशीलन गरिएको छ। विजय मल्ल मूलत: मनोविश्लेषणवादी नाटककार हुन्। उल्लिखित प्रवृत्तिहरूलाई आधुनिक साहित्यमा प्रचलित साहित्यिक मान्यताहरूकै आलोकमा राखेर चर्चा गरिएको छ। आलोच्य नाटकहरूलाई मूल रूपमा औंल्याउँदा **बहुला काजीको सपना** र **कोही किन बर्बाद होस्** सामाजिक यथार्थवादी तथा मनोविश्लेषणवादी यथार्थपरक नाटकहरु हुन्। त्यसरी **जिउँदो लास** नाटक प्रतीकवादी तथा समस्यामूलक मनोविश्लेषणवादी नाटक हो। **भोलि के हुन्छ?** स्वैरकाल्पनिक तथा प्रयोगवादी मनोविश्लेषणमूल नाटक देखिन्छ। **स्मृतिको पर्खालभित्र** र **मानिस र मखुण्डो** समस्यामूलक मनोविश्लेषणवादी यथार्थपरक नाटकहरू हुन्। **भूलैभूलको यथार्थ** प्रहसनमूलक तथा मनोविश्लेषणवादी प्रयोगात्मक

नाटक हो। **पहाड़ चिच्याइरहेछ** नाटक आञ्चलिक समस्यामूलक यथार्थवादी नाटक हो भने **माधुरी** नाटक समस्यामूलक र प्रगतिवादी साथै मनोविश्लेषणवादी नाटक हो। उक्त नाटकहरूलाई तिनीहरूको विषयवस्तुगत पक्षलाई समन्वित गरेर अरू विविध प्रवृत्तिहरू पनि अवलोकन गर्ने प्रयास भएको छ। यसबाट विजय मल्ल एक विशेष प्रचलित प्रवृत्तिकै अथवा मनोवैज्ञानिक र मनोविश्लेषण धाराकै नाट्य लेखक मात्र हुन् भन्ने धारणा पनि अयथार्थ प्रतीत हुन आउँछ। साथै मनोविश्लेषणवादी मूल प्रवृत्तिसँगै आधुनिक र अत्याधुनिक तथा समकालीन साहित्यिक धारणाहरूप्रति पनि विजय मल्लको झुकाउ रहेको प्रमाण उक्त नाटकहरूका ती विभिन्न प्रवृत्तिहरूको सङ्केतले पुष्टि गर्दछ भन्ने कुरा पनि यस अध्यायले थाहा गराएको छ। यस्ता विविध प्रवृत्तिहरूलाई परिलक्षित गर्ने क्रममा नाटककार मल्ल पाश्चात्य नाटककारहरू इब्सन, श, गर्लवर्दी, चेखव, स्ट्रिन्टबर्ग, सार्त्र, इलियट आदिबाट अभिप्रेरित भएको सम्भावना भेटिन्छ। वस्तुगत प्रवृत्तिका दृष्टिले यति विविध प्रवृत्तिहरू प्रतिफलन गर्ने क्षमताका अन्य कुनै नाटककार अध्यावधि नेपाली आधुनिक नाटकको क्षेत्रमा देख्न नपाइएको कुराहरू पनि थाहा गर्न सकिएको छ।

यसै क्रममा विजय मल्लको शिल्पगत नाट्य प्रवृत्तिहरू पनि अवलोकन गरिएको छ। यस सम्बन्धमा आलोच्य नाटकहरूको नामकरण प्रतीक योजना, संरचना तथा आयाम, संवाद तथा भाषा-शैली अभिनय तथा रङ्गमञ्च पक्ष विशेषको यथासक्य सूक्ष्म एवम् स्थूल विश्लेषण गरिएको छ। शिल्पगत प्रवृत्तिको विश्लेषणबाट ती नाटकहरूको संरचनात्मक आयाम, कलात्मक सौन्दर्य तथा नाट्य रचना परिपाटीको यथार्थ जानकारी लिने काम भएको छ। समष्टिमा छैटौं अध्याय नै प्रस्तुत शोध प्रबन्धको दोस्रो महत्वपूर्ण मूल विवेचन खण्ड हो। यस अध्यायमा अनुसन्धान गरिने परिकल्पनाको सोद्देश्यता निहित छ। सम्भवतः विविध प्रवृत्तिको चिन्हीकरण गर्ने र तिनको अभिप्राय अङ्कन गर्ने कार्य प्रस्तुत अध्यायमा सम्पन्न भएको छ। नाटककार स्वयम् नाट्य अध्येता, चिन्तक र स्रष्टा रहेकाले आलोच्य नाटकहरू आफैमा स्वयंपूर्ण र विशिष्ट बन्न पुगेको र प्रायः पाँच दशकको मल्लको नाट्य साधनाको क्रममा देखिएका नाट्य चेतनाको अन्तर्विकासको परिमार्जित एवम् प्रौढ़ रूप पनि प्रस्तुत अध्यायबाट दर्शाउने काम भएको छ। अध्यायको अन्त्यमा दिइएको निष्कर्षबाट नाटककार विजय मल्ल आफ्नो युग र परवर्ती युगका नाटककारहरूलाई समेत प्रभावित

तुल्याउने र प्रेरित गर्ने एउटा सशक्त माध्यम रहेको तथ्यसँगै प्रतिफलित विविध प्रवृत्तिका कारणले विजयको नाट्यकारिता उत्कृष्ट एवम् सार्थक बनेको कुरा पनि उल्लेख्य भएको छ। समसामयिक युगीन चेतना र यथार्थलाई अङ्कित गर्ने अभिप्राय नै विजय मल्लको नाट्यगत प्रवृत्तिहरु हुन् भन्ने प्रतीत गराउँदै प्रस्तुत अध्यायले नै यस शोध प्रबन्धको सुनिश्चित शीर्षक 'विजय मल्लका नाट्यकृतिहरुको प्रवृत्तिपरक अध्ययन'लाई सार्थक र स्थापित गराएको तथ्यहरु व्यक्त गरिएका छन्।

सातौं अध्यायमा 'विजय मल्लको नाट्यकृतिहरुको मूल्याङ्कन' शीर्षकभित्र 'विजय मल्लको नाट्यकारिता' र 'आधुनिक नेपाली नाटकको सम्बर्द्धनमा विजय मल्लको योगदान' बारे समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ। वस्तु, पात्र, परिवेश, संवाद, द्वन्द्व, भाषा-शैली आदिलाई ग्रहण गरी विजय मल्लले कसरी आफ्ना नाटकहरु निर्माण गरेका छन् भन्ने तथ्यको पुष्टि यस अध्यायको पहिलो भागमा गरिएको छ। त्यसरी नै दोस्रो भागमा आधुनिक नेपाली नाटकको विकासमा सम, तिवारी, रिमाल र 'गोठाले' पछि मल्लको भूमिका र तिनको नाट्योपलब्धिबाट नेपाली नाटक गतिशील बन्दै समृद्ध अवस्थामा पुग्न सकेको र यथास्थितिको मूल्याङ्कन गरिँदै नाटककार मल्लको भूमिका र योगदान आफ्ना समकालीन र उत्तरवर्ती नाटककारहरुका सापेक्षतामा बहु-विशिष्ट बन्नपुगेको सत्यतालाई दर्शाइएको छ। समपछिका तिनका उत्तराधिकारी तथा अर्का महान् युग प्रतिनिधि नाटककार विजय मल्ल नै हुन् भन्ने आधारको यथातथ्य पुष्टि पनि यसै अध्यायले सुनिश्चित गरेको छ।

## ८.२. निष्कर्ष

प्रस्तुत शोधकार्यबाट प्राप्त मुख्य कुराहरूलाई निष्कर्षका रुपमा यहाँ केही बुँदाहरुमा समेटेर दर्शाउने प्रयास गरिएको छ–

(१) शब्दार्थका दृष्टिले नाटक शब्दबाट नृत, अभिनय, अनुकरण कार्य, नकल, दुरुस्त विविध अर्थ प्रकट हुन्छ। तथापि, अभिनेताले गरेको सात्विक भावहरूको प्रदर्शन र दुरुस्त रुपको रुपाङ्कन भन्ने अर्थ धेरै स्वाभाविक हुन्छ। पारिभाषिक दृष्टिले नाटक भनेको कुनै कार्यको अनुकरणात्मक, संवादात्मक र अभिनयात्मक प्रस्तुति हो। साहित्यका विभिन्न विधाहरूका सापेक्षतामा यो सर्वाधिक प्रभावशाली विधा हो। यो श्रव्य र दृश्य दुवै स्वरूपमा हुन्छ। अभिनय र शैली तत्त्वबाट विशेष रुपले अन्य विधाहरुदेखि यो अलग एवम् विशिष्ट विधा हो। पूर्वीयमा आचार्य धनञ्जयले "अवस्था विशेषको अनुकृति" र पाश्चात्यमा एरिस्टोटलले "कुनै कार्यको अनुकरण" भनेका विचारको सूत्रलाई नियाल्दा नाटकको मूल अभिप्रेरणा अनुकरण नै हो; नाटक अनुकरण कला नै हो। यो मनोरञ्जनदायी र जीवनवादी कला हो।

नाटकको निर्मिति वस्तु, पात्र, परिवेश, संवाद, द्वन्द्व, भाषा, अङ्क दृश्य, अभिनय, उद्देश्य जस्ता तत्त्वहरूका संयोजनबाट हुन्छ। सुदूर प्राचीन विश्वसाहित्यदेखि आजसम्म नाटक सर्वश्रेष्ठ साहित्यिक विधाका रुपमा चिन्हित छ। नेपाली साहित्यका सन्दर्भमा पनि नाटक विधा त्यत्तिकै श्रेष्ठ र विशिष्ट विधाका पहिचानमा उल्लेखनीय छ।

(२) नेपाली साहित्यमा नाटक लेखन परम्पराको थालनी सुदूर प्रतीत भए पनि वि. सं. १८५५ मा शक्तिवल्लभ अर्यालद्वारा लिखित **हास्यकदम्ब**-बाट प्रकाशित नाटकको इतिहास वर्तमानसम्म प्रायः दुई शताब्दी र डेढ़ दशकको अवधि तय गर्दै अग्रगतिमा रहेको छ। यो अवधिलाई नेपाली नाटकले लिएको गतिपथ ठान्दै यसको प्रवृत्तिगत विभिन्न मोड़ र दिशाको अन्तर्विकासको आधारमा विभिन्न कालखण्ड चिन्हित गर्न सकिन्छ। वस्तुतः प्रस्तुत **विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन** शोध प्रबन्धमा तीन भिन्न वर्गीकृत कालखण्डहरु क्रमैले– (१) प्राथमिककालीन नेपाली नाटक (वि. सं. १८५५ देखि १९४३ सम्म), (२) माध्यमिककालीन नेपाली नाटक (वि. सं. १९४४ देखि १९८५ सम्म) र (३)

आधुनिककालीन नेपाली नाटक (वि. सं. १९८६ देखि यता) लाई लिइएको छ।

(४) आधुनिककालीन नेपाली नाटक वि. सं. १९८६ मा नाटककार बालकृष्ण समको मौलिक सामाजिक नाटक **मुटुको व्यथा**को प्रकाशनसँगै शुरु भएर विकासशील रहन्छ। यस सन्दर्भमा समको सामाजिक स्वच्छन्दतावादी नाट्यधारा, भीमनिधि तिवारीको आदर्शोन्मुख यथार्थवादी नाट्यधारा, गोपाल प्रसाद रिमालका सामाजिक यथार्थवादी नाट्यधारा र गोविन्द बहादुर मल्ल 'गोठाले'मा आएर मनोविश्लेषणवादी नाट्यधारा आदि प्रकारान्तरमा देख्न पाइन्छन्। ठिक यही मनोविश्लेषणवादी नाट्यधारामा विजय मल्लको उदय देखिन्छ। विजय मल्ल मूलत: मनोवैज्ञानिक एवम् मनोविश्लेषणवादी नाटककार हुन्। प्रत्यक्ष अप्रत्यक्ष आफ्ना पूर्ववर्ती तथा समकालीन नाटककारहरु सम, तिवारी, रिमाल र 'गोठाले'कै प्रभावमा तिनको नाट्यकारिता उर्वर र उत्पादनशील देखिन्छ।

(५) प्रस्तुत शोध प्रबन्धका सन्दर्भमा नाटककार विजय मल्लका नाट्यकारिता र उपलब्धिबारे अनुसन्धान दृष्टि केन्द्रित छ। वि. सं. २००१ देखि वि. सं. २०५६ सम्म प्राय: साँढे पाँच दशकको नाट्य साधना गरेका मल्लले प्रकाशित रुपमा नौवटा पूर्णाङ्की र एकतीसवटा एकाङ्कीहरु नेपाली साहित्यमा प्रदान गरेका छन्। प्रकाशितकै सङ्ख्यामा अप्रकाशित पूर्णाङ्की र एकाङ्कीहरु उपलब्ध रहेको पनि थाहा पाइन्छ। अनुसन्धानको सन्दर्भमा पूर्णाङ्की र एकाङ्कीहरुका सङ्ख्या अधिक रहने तथा दुवैमा रहेको स्वरुपगत भिन्नतालाई पनि पृथक गरी नियाल्नु पर्ने औचित्य रहँदा नाटककार मल्लका प्रकाशित नौवटा नाट्य कृतिलाई मात्र शोधको स्रोत बनाई यहाँ सो कार्य सम्पन्न गर्ने निधो गरिएको छ।

(६) विजय मल्लका उपलब्ध एवम् प्रकाशित नौवटा नाटकहरु क्रमैले (१) **बहुला काजीको सपना**, (२) **कोही किन बर्बाद होस्**, (३) **जिउँदो लास**, (४) **भोलि के हुन्छ?**, (५) **स्मृतिको पर्खालभित्र**, (६) **मानिस र मखुण्डो**, (७) **भूलैभूलको यथार्थ**, (८) **पहाड़ चिच्याइरहेछ** र (९) **माधुरी** छन्। वि. सं. २००४ देखि वि. सं. २०४१ भित्र लेखिएका यी नाटकहरु प्रकारान्तर विषयका छन्। सामाजिक धरातलमै निर्मित भए पनि तिनमा प्रक्षेप गरिएका दृष्टिकोणहरुबाट ती नाटकहरु प्रवृत्तिगत विविधतामा देखिन्छन्। मूलत: विजय मल्ल मनोविश्लेषणवादी नाटककार भए पनि तिनका उक्त नाटकहरुले बहु विविध प्रवृत्तिलाई

परिलक्षित गरेका पाइन्छन्। शोध प्रबन्धको दुई मूल विवेचन खण्ड पाँचौं र छैटौं अध्यायको अनुशीलनबाट मल्लको नाट्यकारिता र त्यसबाट प्रतिफलित प्रवृत्तिहरूको आकलन गर्ने सत्प्रयास भएको छ। यस सन्दर्भमा पाँचौं अध्यायभित्र नाट्य तात्त्विक आधारहरूबाट मल्लका ती नाटकहरूको संरचनात्मक बुनोट, प्रयोग तथा प्रस्तुति आदिको सविस्तार अवलोकन गरिएको छ।

त्यसै क्रममा प्रस्तुत शोध कार्यको मूल अभिप्राय विजय मल्लका नाटकहरूको प्रवृत्तिपरक अध्ययन रहेकाले आलोच्य नाटकहरूमाथि समग्र दृष्टि पुऱ्याई विविध प्रवृत्तिहरूको निरीक्षण गरिएको छ। विश्लेषणबाट प्राप्त ती प्रवृत्तिहरू क्रमैले मनोवैज्ञानिकता, मनोविश्लेषणात्मकता, सामाजिक यथार्थता, समस्यामूलकता, प्रयोगवादिता, अतियथार्थवादिता, मानवीयता, प्रगतिशीलता, विसङ्गतिवादिता, आञ्चलिकता आदिका विस्तारपूर्वक व्याख्या गरिएको छ। वस्तुतः यस प्रकारको अवलोकनबाट नाटककार विजय मल्लको बहुआयामिक नाट्य दृष्टि र क्षमताको बोध गर्नसकिन्छ। आधुनिक नेपाली नाटकमा यति विविध प्रवृत्तिलाई परिलक्षित गर्ने अर्का नाटककारको उपस्थिति अझसम्म देख्न पाइँदैन। यसले गर्दा विजय मल्ल आफ्नो युग र त्यसपछिका युगलाई पनि प्रभावित र प्रेरित तुल्याउने प्रतिभाशाली नाटककार हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

(७) विश्व नाट्य साहित्य तथा नाटकबारे गहन चिन्तन गर्ने नाटककार मल्लले नेपाली नाट्य जगत्का आफ्ना पूर्ववर्ती नाटककारहरू सम, तिवारी, रिमाल, 'गोठाले'बाट प्रत्यक्ष -अप्रत्यक्ष प्रभाव र प्रेरणा ग्रहण गरेकै हुन्। त्यस अतिरिक्त अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा सार्त्र, वेकेट, चेखव, युजिन, आइनेस्को, इब्सन, इलियट, ब्रेख्ट आदिका समसामयिक नाट्य प्रभावलाई पनि आत्मसात गरी आफ्ना नाटकहरूको भावभूमि र कलात्मक पक्षलाई सुसज्जित तुल्याउन सकेको अनुभव हुन्छ। यसबाट आधुनिक नेपाली नाटकको क्षेत्र विकासको अपेक्षित दिशातिरै अग्रसर भएको बोध हुन्छ।

(८) सामाजिकता, मानसिकता तथा चिन्तनात्मकता जस्ता मानवीय भावनालाई पुनर्स्थापना गर्नलाई आफ्ना नाटकहरूमा विश्वमानवतावाद जस्ता धारणासम्म प्रस्तुत गर्न मल्ल अग्रसर भएका देखिन्छन्। यसको अन्यतम उदाहरण तिनको **भोलि के हुन्छ?** नाटकको आभ्यान्तरिक सङ्केत हो। यसबाहेक सामाजिक विकृतिका समस्या, मानसिक

कुण्ठा र यौन, चारित्रिक गुणावगुण, शोषण, गरिबी, उत्पीड़न, असमानता, आर्थिक, दरिद्रता तथा आणविक प्रतिस्पर्धाको सङ्कटबाट मानवीय अस्तित्वप्रति जागरुकता देखाउनु र सचेतता दर्शाउनु आदि पक्षमा पनि नाटककार मल्लले विशेष दायित्व बोध गरेका देखिन्छन्। तिनको नाट्यदृष्टि गहन र विष्फारित रहेको पाइन्छ।

(९) सामाजिक यथार्थलाई युग यथार्थको रुपमा चित्रण गर्नलाई नाटककार मल्लले विविध दृष्टिकोण र मान्यताको पक्ष लिएका छन्। फलस्वरुप प्रतीकवादी, प्रयोगवादी, अस्तित्ववादी, विसङ्गतिवादी, मानवतावादी जस्ता धारणाबाट तिनको नाट्यलेखन सशक्त र प्रभावपूर्ण बन्नसकेको भेटिन्छ। परम्पराप्रति विद्रोह गरी नयाँ संस्कारको पुन: स्थापना गर्न खोज्नु मल्ल सचेष्ट देखिन्छन्। **बहुला काजीको सपना, जिउँदो लास, भोलि के हुन्छ?, भूलैभूलको यथार्थ, मानिस र मखुण्डो, माधुरी** जस्ता नाटकहरुले सामाजिक जड़ता र नियास्रो परम्परालाई निर्मूल पार्ने प्रचेष्टा गरेको प्रशंसनीय उदाहरण देखिन्छन्।

(१०) वस्तुगत र शिल्पगत दुवै पक्षबाट मल्लका नाटकहरु उत्कृष्ट ठहरेकाले आधुनिक नेपाली नाटकको क्षेत्र समिध्दि पथतिर अग्रसर भएको देखिन्छ। आफ्ना युगका नाट्य विधालाई उत्कर्षता प्रदान गर्ने श्रेय नाटककार विजय मल्ललाई पनि अवश्य छ। समकालीन र उत्तरवर्ती नाटककारहरुका सेतु नै सिध्द भएका नाटककार मल्ल आफ्ना नाट्योपलब्धिका कारण अविजेय बन्नसकेका छन्। उनी आधुनिक नेपाली नाट्यजगत्मा युग निर्माता व्यक्तित्व हुन्।

(११) प्रस्तुत शोध प्रबन्धको परिसीमाभित्र मल्लका उपलब्ध नाटकहरुको प्रवृत्तिपरक अध्ययन गर्ने मूल अभिप्राय भए पनि तिनलाई सार्थक रुपमा प्रतिपादन गर्नलाई नाटकको सैध्दान्तिक पक्ष र नेपाली नाटकको परम्परा र विकासमाथि अपेक्षित दृष्टि पुऱ्याउने काम गरिएको छ।

(१२) निर्क्यौलमा, आधुनिक नेपाली नाटकका क्षेत्रमा सफल र उत्कृष्ट नाटकहरु प्रदान गर्न सक्ने विजय मल्ल यशस्वी नाट्य साधक हुन्। तिनको नाट्योपलब्धिको आकलन गर्ने अरु पनि धेरै आधारहरु छन्। वस्तुत: प्रवृत्तिपरक अध्ययनबाट प्राप्त परिणामका आधारमा नाटककार विजय मल्लको छुट्टै पहिचान र मूल्यबोध गर्ने प्रयास गरिनु प्रस्तुत शोधकार्यको एउटा महत निष्कर्ष हो।